नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# स्थानीय शासन तथा उत्तरदायी संयन्त्र सञ्चालन कार्यविधि २०७०

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# स्थानीय शासन तथा उत्तरदायी संयन्त्र सञ्चालन कार्यविधि, २०७०

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# स्थानीय शासन तथा उत्तरदायी संयन्त्र सञ्चालन कार्यविधि, २०७०

**प्रस्तावना:** स्थानीय निकायबाट प्रदान गर्ने सेवा, स्थानीय शासन प्रकृया एवम् विकास निर्माण कार्यलाई पारदर्शी, समावेशी, गुणस्तरीय, सेवाग्राहीमैत्री र प्रभावकारी पार्दै स्थानीय शासनलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक भएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को उपदफ (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले "स्थानीय शासन तथा उत्तरदायी संयन्त्र सञ्चालन कार्यविधि, २०७०" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "स्थानीय शासन तथा उत्तरदायी संयन्त्र सञ्चालन कार्यविधि, २०७०" रहेको छ । यसलाई अंग्रेजीमा Local Governance & Accountability Facility-LGAF ( Operational) Procedure, 2070 भनिनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संयन्त्र" भन्नाले दफा (३) बमोजिम गठन भएको स्थानीय शासन तथा उत्तरदायीको संयन्त्र सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले संयन्त्रको राष्ट्रिय समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले संयन्त्रको राष्ट्रिय समितिको सदस्य र

सदस्य-सचिव सम्झनु पर्छ । साथै सोशब्दले स्थानीय समितिको सदस्य र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(घ) "राष्ट्रिय समिति" भन्नाले दफा १० बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ङ) "कार्यान्वयन समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(च) "स्थानीय समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(छ) "सचिवालय" भन्नाले संयन्त्रको सचिवालय सम्झनु पर्छ ।

(ज) "कर्मचारी" भन्नाले संयन्त्रको सचिवालयमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(झ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति सम्झनु पर्छ ।

(ञ) "सामाजिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) बमोजीम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(ट) "सार्वजनिक परीक्षण" भन्नाले आीर्थक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(ठ) “सार्वजनिक सुनुवाई” भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ड) “सामुदायिक संस्था” भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा स्थानीय  निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

## परिच्छेद–२
## संयन्त्र गठन सम्बन्धी व्यवस्था

३. **संयन्त्रको गठनः** स्थानीय शासन प्रकृया, सेवा प्रवाह तथा विकास निर्माण कार्यलाई नागरिकप्रति उत्तरदायी बनाउन  स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको गठन हुनेछ ।

४. **संयन्त्र सचिवालयको कार्यक्षेत्र निम्नअनुसार हुनेछ** (१) संयन्त्रको सचिवालयले स्थानीय निकाय तथा सेवा प्रदायकलाई नागरिकप्रति जवाफदेहिता अभिबृद्धि गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाािजक परीक्षण, सार्वजनिक खर्च अनुगमन, सार्वजनिक खर्च पछ्यार्इ (Public Expenditure Trackings), नागरिक वडापत्रको  अनुगमन, नागरिक गुनासो व्यवस्थापन, सार्वजनिक निकायको खर्च पुनरावलोकन, नागरिक प्रतिवद्धता कार्यान्वयन अनुगमन, स्थानीय सेवा तथा विकास निर्माणको समुदायमा आधारित अनुगमन र व्यवस्थापन परीक्षण र अन्य कार्यक्रमहरु सञ्चालन गर्न, गराउने ।

(२) संयन्त्रको सचिवालयले नागरिकप्रति उत्तरदायित्व अभिवृद्धि

गर्ने विषयमा स्थानीय निकाय, स्थानीय सेवा प्रदायक, नागरिक समाज, सामुदायिक संस्थाको क्षमता विकास गरी स्थानीय स्तरमा पिछडिएका समुदायको क्षमता अभिबृद्धि र सशक्तीकरण कार्यक्रम नागरिक समाज सामुदायिक संस्था, मार्फत सन्चालन गर्ने ।

**५. सचिवालय गठनको उद्देश्य** : सचिवालयको उद्देश्य देहाय बमोजिम हुनेछः:

(क) स्थानीय निकायबाट प्रदान गरिने सेवा, स्थानीय शासन प्रकृया एवम् विकास निर्माण कार्यलाई पारदर्शी, समावेशी, गुणस्तरीय, प्रभावकारी बनाउने

(ख) स्थानीय निकाय सेवा प्रदायक एवम स्थानीय तहमा कियाशिल संघ सस्था, निकाय र नागरिक समाजको क्षमता विकास गर्ने ।

**६ सचिवालय** : (१) संयन्त्रको दैनिक प्रशासनिक तथा उत्तरदायित्व सम्वन्धी कार्यकम संचालन गर्नको लागि काठमाण्डौ उपत्यकामा सचिवालय रहनेछ ।

(२) सचिवालयको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) राष्ट्रिय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) राष्ट्रिय समितिको बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ग) सचिवालयको काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने

(घ) प्रत्येक वर्ष आफुले सम्पादन गरेको कामको प्रतिवेदन स्थानीय शासन तथा उत्तरदायी संयन्त्र राष्ट्रिय समिति समक्ष पेश गर्ने,

(ङ) अनुगमन मुल्याकन र सुपरिबेक्षण सम्वधी कार्य गर्ने,

(च) अन्य कामहरु गर्ने, गराउने

७. **कर्मचारीसम्बन्धी व्यवस्थाः** (१) सचिवालयमा आवश्यक पर्ने कर्मचारी मन्त्रालयले व्यवस्था गर्ने छ ।

८. **नागरिक समाजका संघ/संस्था परिचालनः** (१) संयन्त्रको उद्देश्य प्राप्तिका लागी तोकेको निर्धारित मापदण्ड पूरा गरेका नागरिक समाजका संस्थाहरु मार्फत नागरिकप्रति जवाफदेहिता सम्बन्धी आवश्यक कार्यक्रम सचिवालयले सञ्चालन एवम् परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्नको लागि सचिवालयले नागरिक समाजका संघ संस्थाहरुलाई सम्झौता बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ ।

९. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) संयन्त्रको सचिवालयले वार्षिक रुपमा आफुले सम्पादन गरेको कामको प्रतिवेदन स्थानीय शासन तथा उत्तरदायी संयन्त्र राष्ट्रिय समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्ने प्रतिवेदनमा सचिवालयले वार्षिक रुपमा गरेका मुख्य मुख्य कामहरुको विवरण, भौतिक तथा आर्थिक प्रगति, सोको उपलब्धी, समस्या, चुनौती र समाधानका उपायहरु समेत समावेश गर्नुपर्ने छ ।

(३) सचिवालयले उपदफा (१) बमोजिमका प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिकीकरण गर्नेछ ।

## परिच्छेद-३
## राष्ट्रिय समिति सम्बन्धी व्यवस्था

१०. **राष्ट्रिय समिति गठनः** (१) संयन्त्रको काममा आवश्यक सहयोग पुऱ्याउन एवम् आवश्यक नीतिगत व्यवस्था गर्नका लागि देहाय बमोजिमका सदस्य भएको एक राष्ट्रिय समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | -अध्यक्ष |
| (ख) | सहसचिवहरु सबै, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, राष्ट्रिय योजना आयोगको (सहसचिव स्तर) एक जना | -सदस्य |
| (घ) | प्रतिनिधि, राष्ट्रिय सतर्कता केन्द्र (सहसचिव स्तर) एक जना | -सदस्य |
| (ङ) | राष्ट्रिय कार्यक्रम प्रबन्धक स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | -सदस्य |
| (च) | प्रतिनिधि, जिल्ला विकास समिति महासंघको एक जना | -सदस्य |
| (छ) | प्रतिनिधि, नगरपालिका संघको एक जना | -सदस्य |
| (ज) | प्रतिनिधि, गाउँ विकास समिति राष्ट्रिय महासंघको एक जना | -सदस्य |
| (झ) | अध्यक्षबाट मनोनित नागरिक समाजका सदस्यहरु मध्येबाट कम्तीमा एक महिला सहित दुई जना | -सदस्य |
| (ञ) | अन्तर्राष्ट्रिय सहयोगी संस्थाका तर्फबाट दुई जना | -सदस्य |
| (ट) | सुशासन शाखा प्रमुख सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | -सदस्य सचिव |

(२) राष्ट्रिय समितिले आवश्यकता अनुसार विभिन्न स्थानीय सरकारमा उत्तरदायित्व अभिवृद्धि सम्वन्धी कार्य गर्ने संस्था तथा अन्य क्षेत्रका विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) राष्ट्रिय समितिको कार्य सञ्चालन विधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार:** राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयन्त्र सचिवालयको कार्यविधि स्वीकृतिका लागी मन्त्रालयमा सिफारिस गर्ने,

(ख) संयन्त्रको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

(ग) संयन्त्रको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत निर्णयहरु गरी कार्यान्वयन गर्ने, गराउने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ङ) वार्षिक कार्यक्रम कार्यान्वयन गर्न मातहतका निकायहरुलाई आवश्यक निर्देशन दिने,

(च) स्वीकृत कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने,

(छ) जिल्ला स्थित निक्षेपित कार्यालय र विभिन्न दात्री निकाय तथा अन्य संघ संस्थाद्वारा स्थानीय निकायमा संचालित उत्तरदायित्व प्रवर्द्धन गर्ने कायक्रमहरुको समन्वय, अनुगमन तथा मार्गनिर्देश गर्ने ।

(ज) अन्य आवश्यक कार्यहरु गर्ने ।

**१२. बैठक सम्बन्धी कार्यविधि:** (१) राष्ट्रिय समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) राष्ट्रिय समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरुलाई दिनुपर्नेछ ।

(३) राष्ट्रिय समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) राष्ट्रिय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) राष्ट्रिय समिति, कार्यन्वयन समिति तथा स्थानीय समितिका पदाधिकारीहरुको बैठकमा भाग लिएबापत प्रति बैठक एक हजार रुपैयाँ उपलब्ध गराईने छ। यातायात सुविधा नेपाल सरकार अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ ।

**१३. अध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) सचिवालयको दैनिक प्रशासनिक गतिविधि सञ्चालन, सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(ग) कार्यान्वयन तथा स्थानीय समितिलाई आवश्यक निर्देशन दिने,

(घ) संयन्त्र सचिवालयका कार्यहरु कार्यान्वयन गर्न कार्यान्वन समिति लाई निर्देशन गर्ने गराउने,

(ङ) राष्ट्रिय समितिको निर्णय प्रमाणित गर्ने ।

## कार्यान्वयन समिति सम्वन्धी व्यवस्था

**१४. कार्यान्वयन समितिको गठनः** (१) संयन्त्रको राष्ट्रिय समितिवाट भएका नीतिगत निर्णयहरुको प्रभावकारी कार्यान्वयनको लागि निम्नानुसारको कार्यान्वयन समिति गठन हुनेछ :

(क) सहसचिव, सामान्य प्रशासन महाशाखा हेर्ने सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय - अध्यक्ष

| | | |
|---|---|---|
| (ख) | प्रतिनिधि, राष्ट्रिय सतर्कता केन्द्र (उपसचिव स्तर) एक जना | -सदस्य |
| (ग) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग (उपसचिव स्तर) एक जना | -सदस्य |
| (घ) | राष्ट्रिय कार्यक्रम प्रबन्धक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | -सदस्य |
| (ङ) | अन्तर्राष्ट्रिय सहयोगी संस्थाका तर्फबाट दुई जना | -सदस्य |
| (च) | उपसचिव, अनुगमन शाखा संघीय मामला तथा स्थानीय विकास मन्त्रालय | -सदस्य |
| (छ) | उपसचिव, सुशासन शाखा संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | -सदस्य सचिव |

(२) स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम राष्ट्रिय निर्देशक स्थायी आमन्त्रित हुनेछ।

१५. **कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार:** कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) राष्ट्रिय समितिबाट भएका निर्णयहरु कार्यन्वयनमा सहयोग पुऱ्याउने,

(ख) राष्ट्रिय समितिवाट स्वीकृत गराउन पर्ने विषयहरुलाई सिफारिस गर्ने,

(ग) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग एवम् सहजीकरण गर्ने,

(घ) संयन्त्रको काम कारवाहीलाई सहयोग पुऱ्याउन आवश्यक विज्ञहरु सिफारिस गर्ने,

(ङ) स्वीकृत कार्यक्रमको नियमित अनुगमन र समिक्षा गर्ने,

(च) अन्य आवश्यक कार्यहरु गर्ने।

**१६. सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशन अनुसार राष्ट्रिय समितिको बैठक व्यवस्थापन गर्ने,

(ख) कार्यान्वयन समिति सँग समन्वय गरी राष्ट्रिय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने

(ग) सचिवालयको दैनिक प्रशासनिक तथा आर्थिक कार्य संचालन गर्ने,

(घ) सचिवालय व्यवस्थापन तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने गराउने,

(ङ) सचिवालयको काम कारवाहीलाई व्यवस्थित गर्ने गराउने,

(च) सचिवालयले बार्षिक रुपमा सम्पादन गरेका कार्यहरुको भौतिक तथा आर्थिक प्रगति विवरण तयार गरी राष्ट्रिय समितिमा पेश गर्ने व्यवस्था गर्ने,

(छ) अन्य आवश्यक काम गर्ने ।

## परिच्छेद-४
## स्थानीय समितिसम्बन्धी व्यवस्था

**१७. स्थानीय समितिको गठनः** (१) प्रत्येक विकास क्षेत्रमा संयन्त्रको स्थानीय समितिहरु रहनेछन् ।

(२) स्थानीय समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, क्षेत्रिय संयोजक -अध्यक्ष

(ख) स्थानीय प्रतिनिधि, जिल्ला विकास समिति महासंले तोकेको एक जना -सदस्य

(ग) स्थानीय प्रतिनिधि, नगरपालिका संघले तोकेका एक जना - सदस्य

(घ) स्थानीय प्रतिनिधि, गाउँ विकास समिति राष्ट्रिय महासंघले तोकेको एक जना -सदस्य

(ङ) नागरिक समाजका व्यक्तिहरु मध्येबाट स्थानीय समितिले छनौट गरेका कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(च) अधिकृत, क्षेत्रीय समन्वय इकाई -सदस्य सचिव

**१८. स्थानीय समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नागरिक समाजका संघ संस्थाहरुबाट आह्वान गरिएको प्राविधिक तथा आर्थिक प्रस्तावहरु स्थानीयस्तरमा मुल्याङ्कन गरी स्वीकृतिको लागि कार्यन्वयन समितिमा सिफारिस गर्ने,

(ख) आफ्नो क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(ग) अन्य कार्यहरु गर्ने, गराउने ।

**१९. स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

२०. **स्थानीय समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार**: स्थानीय समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय समितिको बैठकको आयोजना र सञ्चालन गर्ने,

(ख) क्षेत्रीय तथा स्थानीयस्तरमा सञ्चालित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) अन्य कार्यहरु गर्ने, गराउने ।

२१. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकार**: स्थानीय समितिका सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय समितिका अध्यक्षको निर्देशन अनुसार स्थानीय समितिको बैठक बोलाउने,

(ख) सचिवालयको क्षेत्रीय तथा स्थानीय क्रियाकलापहरु सम्पादनमा सहयोग गर्ने

(ग) सचिवालयका गतिविधिलाई व्यवस्थित, परिणाममुखी र प्रभावकारी बनाउने,

(घ) अन्य आवश्यक काम गर्ने ।

**२२. स्थानीय निकायको भूमिका र जिम्मेवारी** स्थानीय निकायको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) नागरिकका लिखित वा मौखिक गुनासाहरुलाई प्राथमिकता दिई सम्वोधन गर्ने कर्मचारी तोक्नु पर्दछ जिम्मेवार कर्मचारीले प्राप्त गुनासा र सुनुवाई गरेको विवरण चौमासिक रुपमा समीक्षा बैठकमा पेश गर्नु पर्नेछ ।

(ख) सूचनाको हकसम्बन्धी अधिकारलाई कार्यान्वयन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(ग) स्थानीय निकायले आफूले संचालन गरेको कार्यक्रम वा आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा वर्षमा कम्तीमा तीन पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(घ) स्थानीय निकायको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा सम्बन्धित स्थानीय निकाय समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु सम्बन्धित स्थानीय निकायका प्रमुखको कर्तव्य हुनेछ ।

(ङ) स्थानीय निकायका पदाधिकारी एव्म कर्मचारीहरुको आचार संहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

(च) गाउँ विकास समितिले दुई लाख र नगरपालिका एवम् जिल्ला विकास समितिले पाँच लाख वा सो भन्दा बढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरुको अयोजनाको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरण सहितको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी योजनास्थलमा राख्नुपर्नेछ ।

(छ) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम, आयोजना तथा

बजेट सबैले देख्ने गरी सूचना  पाटीमा टाँस्ने, सार्वजनिक गर्ने, स्थानीय सञ्चारका माध्यम एफ.एम. रेडियो मार्फत प्रचार प्रसार गर्ने कार्य गर्नुपर्दछ ।

(ज) स्थानीय निकायले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा विभिन्न रुपमा विभिन्न माध्यमबाट सार्बजनिक गर्नुपर्नेछ ।

(झ) स्थानीय निकायको वित्तिय एवम् भौतिक प्रगतिबारे सर्वसाधारण एवम् सरोकारवालालाई सुसूचित गराउनका लागि एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र मार्फत आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ञ) सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(ट) स्थानीय निकायले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र समेतको सहभागितामा सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको सामाजिक परीक्षण गर्नुपर्नेछ । सामाजिक परीक्षण हुने स्थान र उपस्थिति  सम्बन्धी सूचना व्यापकरुपमा प्रचार–प्रसार गर्नुपर्नेछ ।

(ठ) स्थानीय निकायको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन सार्वजनिक खरिद ऐन नियमावलीको पूर्ण पालना गर्दै विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमिता, मिलोमतो र जवरजस्ती गर्ने जस्ता कानून विपरितका कार्यहरु निरुत्साहित गर्न स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नुपर्दछ ।

(ड) भौतिक एवम वित्तीय प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने, सार्वजनिक परीक्षण, लैंगिक परीक्षण, सामाजिक

परीक्षण, आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तोकिए बमोजिम सम्पन्न गराउने र तद्नुरुप प्राप्त सुझावको कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय निकायका सचिवको हुनेछ ।

२३. **नागरिक समाजका संस्थाहरुको मूल्याँकन तथा छनोट प्रक्रिया** स्थानीय स्तरमा दर्ता भएका नागरिक समाजका संस्थाहरुबाट आसय-पत्र र प्रस्ताव पत्र माग गरी प्रतिस्पर्धाको आधारमा छनोट गरिने छ ।

२४. **नागरिक समाजका संस्थाहरुको भूमिका** स्थानीय स्तरमा छनोट भएका नागरिक समाजका संस्थाहरुको भूमिका देहाय बमोजिम हुनेछ :

(क) स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले उपलव्ध गराएको क्षेत्रगत शर्तहरु अनुसार स्थानीय निकायसँग समन्वय गरी कार्य सम्पादन गर्नुपर्ने छ ।

(ख) तोकिएको कार्य सम्पादन गर्दा नागरिक समाजका संस्थाहरुले संस्थाको आन्तरिक शुसासन कायम गर्नु पर्ने छ ।

(ग) जिल्लास्थित सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित निकाय आयोजक रहने छ भने नागरिक समाजका संस्थाहरुले क्षेत्रगत शर्तमा उल्लिखित विधिहरु पुरागरी कार्यक्रम सञ्चालनमा सहजीकरणको भूमिका निर्वाह गर्ने छ ।

(घ) गा.वि.स स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्दा गा.वि.सको अध्यक्षको अध्यक्षतामा सञ्चालन गरी नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चको अनिवार्य संलग्नतामा नागरिक समाजका संस्थाहरुले क्षेत्रगत शर्तमा उल्लिखित विधिहरु पुरा गरी कार्यक्रम सञ्चालनमा सहजीकरणको भूमिका निर्वाह गर्ने छ ।

## परिच्छेद-५

## संयन्त्रको सचिवालयको लेखा, निकासा र लेखा परीक्षण सम्बन्धी व्यवस्था

**२५. (१) रकम प्राप्तहुने श्रोत** (क) संयन्त्रको कार्यक्रम सञ्चालनको लागि नेपाल सरकारबाट प्राप्त हुने रकम

(ख) दातृ निकाय संगको संझौता अनुसार प्राप्त हुने रकम

(२) संयन्त्रको नाममा प्राप्त हुने रकम 'क' वर्गको बाणिज्य वैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(३) संयन्त्रको खाता सञ्चालन समितिको सदस्य सचिव र संयन्त्रको लेखा सम्बन्धी काम गर्न तोकिएको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

**२६. लेखाः** (१) संयन्त्र सचिवालयको लेखा महालेखा परीक्षकबाट तोकिए अनुसारको ढाँचामा दोहोरो श्रेस्ता प्रणालीको आधारमा कम्प्युटरकृत लेखा राखिने छ।

(२) सचिवालयलाई दिएको अख्तियारी अनुसारको बजेट रकम खर्च आर्थिक कार्यविधि ऐन,२०५५ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सार्वजनिक खरिद ऐन,२०६३ सार्वजनिक खरिद नियमावली,२०६४ र अन्य प्रचलित ऐन नियम अनुसार गरिने छ।

**२७. रकम निकासा प्रक्रिया** : भुक्तानी गनुपर्ने निकाय, संस्था तथा नागरिक समाज संस्थाहरुलाई सम्झौता अनुसार रकम निम्न अनुसार निकासा गरिने छ।

(क) नागरिक समाज संस्थाहरुले प्रारम्भिक प्रतिवेदन पेश गरे पछि संझौता रकमको चालीस प्रतिशत रकम,

(ख) नागरिक समाज संस्थाहरुले मध्यकालिन प्रतिवेदन पेश गरेपछि संझौता रकमको पैतालीस प्रतिशत रकम,

(ग) नागरिक समाज संस्थाहरुले अन्तिम प्रतिवेदन पेश गरे पछि संझौता रकमको पन्ध्र प्रतिशत रकम,

(घ) पाँच प्रतिशत धरौटी रकम नागरिक समाज संस्थाहरुले काम सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पेश गरेपछि रकम भुक्तानी गरिने छ,

(ङ) नेपाल सरकारलाई बुझाउनु पर्ने सबै करहरु कट्टीगरी भुक्तानी गरिने छ ।

**२८. लेखापरीक्षणः** (१) संयन्त्र सचिवालयको आन्तरिक लेखापरीक्षण सम्वन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयले गर्नेछ ।

(२) संयन्त्र सचिवालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद ६
## विविध

**२९. निर्देशन दिन सक्नेः** (१) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको राष्ट्रिय समितिले संयन्त्रबाट गरिने काम कारवाहीको सम्बन्धमा संयन्त्रलाई आवश्यक नीतिगत निर्देशन दिन सक्नेछ ।

(२) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम उपराष्ट्रिय समिति मार्फत संयन्त्रको कार्यदक्षता र प्रभावकारीता अभिवृद्धि गर्ने सम्वन्धमा आवश्यक नीतिगत निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु संयन्त्रको कर्तव्य हुनेछ ।

**३०. अधिकार प्रत्यायोजनः** संयन्त्र वा राष्ट्रिय समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, कार्यदल वा संयन्त्रको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३१. सहयोग गर्नुपर्नेः** संयन्त्रको काम कारवाहीमा स्थानीय निकाय लगायत अन्य सम्बद्ध निकाय, संघ संस्थाहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

**३२. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले फुकाउनेछ ।

**३३. बचाउः** (१) यो कार्यविधि प्रारम्भ हुँदाको बखत कायम रहेका राष्ट्रिय समिति तथा स्थानीय समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ ।

(२) यस भन्दा अगाडि संयन्त्रबाट भएका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**३४. अमान्य हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुनै कुराहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।